

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



हाम्रो स्वाभिमान, कृषि कर्मको सम्मान
धान रोपौं, खाद्यान्नमा आत्मनिर्भर बनौं
राष्ट्रिय धान दिवस (असार १५) भव्य रुपमा मनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड



❑ वर्ष २३ ❑ अङ्क १६४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार १५ गते बुधबार ❑ 29 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## उच्च शिक्षालाई गुणस्तरीय बनाउन सरकार दृढ छ : प्रधानमन्त्री

पोखरापत्र संवाददाता
पोखरा, १४ असार

प्रधानमन्त्री शेरबहादुर देउवाले उच्च शिक्षालाई गुणस्तरीय बनाउन सरकार दृढ सङ्कल्पित रहेको बताउनुभएको छ।

पोखरा विश्वविद्यालयको २२ औं साधारण सभाको मंगलबार प्रधानमन्त्री निवास बालुवाटारमा अध्यक्षता गर्दै विश्वविद्यालयका कुलपतिसमेतरहनुभएकाप्रधानमन्त्री देउवाले उच्च शिक्षालाई देशको आवश्यकतामुखी, रोजगारमुखी, व्यवहारिक र गुणस्तरीय बनाउन सरकार दृढ रहेको बताउनुभयो। शैक्षिक क्षेत्रमा देखिएका विसङ्गतिको अन्त्य गर्दै शिक्षामा गुणस्तर अभिवृद्धि गर्ने कार्यमा सरकारको पूर्ण सहयोग रहने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो।




सुन्दर नगरी पोखरामा अवस्थित पोखरा विश्वविद्यालय मुलुककै उच्च शिक्षाको एउटा गहना रहेकाले समाजलाई समुन्नत बनाउन र मुलुकलाई विकासको पथमा डोऱ्याउन यसको महत्वपूर्ण भूमिका रहेको प्रधानमन्त्री देउवाले उल्लेख गर्नुभयो। मुलुकमा दिगो शान्ति र राजनीतिक स्थायित्व कायम नभएसम्म विकासले गति लिन नसक्ने उल्लेख गर्दै उहाँले यसका लागि विश्वविद्यालयको भूमिका महत्वपूर्ण रहनेमा जोड दिनुभयो। दक्ष जनशक्ति उत्पादन गरी शिक्षित बेरोजगार अन्त्य गर्ने संस्था भनेका विश्वविद्यालय नै रहेको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले शैक्षिक क्षेत्र अस्तव्यस्त र दिशाहीन बनेमा यसको घाटा हामी स्वयम् र मुलुकलाई नै हुने बताउनुभयो । सकारात्मक सोच लिएर विश्वविद्यालयको विकास र विस्तारमा सबैले साथ सहयोग दिनुपर्नेमा जोड दिँदै उहाँले विश्वविद्यालयले पनि स्थानीय सरकार, महानगरपालिकसँग समन्वय गरी अगाडि बढ्न सकेमा यसले गति लिने बताउनुभयो । सभामा विश्वविद्यालयका उपकुलपति प्रा डा प्रेमनारायण अर्यालले आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम तथा रजिष्टार डा दीपकबहादुर भण्डारीले बजेट प्रस्तुत गर्नुभएको थियो । सभाले आर्थिक वर्ष २०७९/८० को लागि कूल रु एक अर्ब ४६ करोडको बजेट स्वीकृत गरेको छ । स्वीकृत बजेटमा पुँजीगत खर्चतर्फ रु ६४ करोड तीन लाख ५७ हजार र साधारणतर्फ रु ८१ करोड ९६ लाख ४३ हजार छ । सभाले विश्वविद्यालयको सम्बन्धन प्राप्त महाविद्यालयलाई बढीमा दुई कार्यक्रम/समूह प्रतिस्थापन तथा थप गर्ने गरी महाविद्यालयलाई सङ्काय विशिष्टीकरण गर्ने विश्वविद्यालयको नीतिलाई परिमार्जन गरी सम्बन्धित महाविद्यालय/कलेजलाई स्वेच्छिक अवसर दिई सोको बाँकी प्रक्रिया अगाडि बढाउन स्वीकृत गरेको छ।

त्यस्तै दश वर्षदेखि रोकिएको नयाँ महाविद्यालयको सम्बन्धन प्रक्रियालाई समेत सभाले खुला गर्ने नीति अवलम्बन गरेको छ र मौजुदा सम्बन्धन शुल्कमा समेत परिवर्तन गरिएको छ । सभाले विशेष मौका परीक्षाको व्यवस्था गर्न स्वीकृति प्रदान गर्दै विशेष मौका परीक्षामा सहभागी विश्वविद्यालयको १८औं साधारण सभाको बैठकबाट भएको निर्णयबमोजिम विद्यार्थीको योग्यता, विद्यार्थीका सीमा, सर्त र परीक्षा सञ्चालनका विधि र प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यवस्था गरेको छ।

आव २०७९/८० को नीति तथा कार्यक्रममा विश्वविद्यालयले भौतिक निर्माण र पूर्वाधार विकासमा जोड दिएको छ । पोखरा विश्वविद्यालय


बाँकी अन्तिम पृष्ठमा ▶▶


## अभिव्यक्ति स्वतन्त्रता प्राप्तिमा जननेता भण्डारीको योगदान अतूल्य

पोखरापत्र संवाददाता
पोखरा, १४ असार

नेपालमा गणतन्त्र स्थापना र अभिव्यक्ति स्वतन्त्रतामा जननेता मदनकुमार भण्डारीको योगदान महत्वपूर्ण र अतूल्य रहेको स्मरण गरिएको छ।

पञ्चायती व्यवस्था, शाही शासनकालमा राजालाई खुलेआम चुनौती दिएर जनताको आवाज बुलन्द गर्ने र जनताको अधिकार प्राप्तिमा अग्रणी भूमिका खेल्ने नेता नै भण्डारी रहेको एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन् । नेकपा (एमाले) ले अङ्गिकार गरेको सिद्धान्त ' जनताको बहुदलीय जनवाद (जबज)' का प्रणेता जननेता भण्डारीको ७१ औं जन्मजयन्तिका अवसरमा प्रेस चौतारी कास्कीले पोखरामा मंगलबार आयोजना गरेको 'जनताको बहुदलीय जनवाद र अभिव्यक्ति स्वतन्त्रता' विषयक अन्तरसंवाद कार्यक्रममा वक्ताहरुले



भण्डारीले प्रतिपादन गरेको जबजमा उल्लेखित अभिव्यक्ति स्वतन्त्रताका सवालमा चर्चा गरेका हुन् । जबजले नेपालका अन्य दललाई पनि नेतृत्व गरिरहेको भन्दै नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र पनि जबजको लाइनमा रहेको वक्ताहरुको जिकिर छ। माओवादी केन्द्रको शान्तिपूर्ण राजनीति, बहुपदीय नेतृत्व प्रणाली साथै नेपाली कांग्रेसले आन्तरिक निर्वाचन गर्ने प्रणाली पनि जबजबाटै प्रभावित रहेको वक्ताहरुको भनाई छ। प्रमुख वक्ता एमाले स्थायी कमिटि सदस्य एवं संगठन विभाग प्रमुख खगराज अधिकारीले नेपाली कम्युनिष्ट आन्दोलनलाई सही मार्गमा अघि बढाउने सिद्धान्त नै जबज रहेको भन्दै नेता भण्डारीले सहयोद्धाहरुकै असहयोगका बीच यसलाई स्थापित गराएको बताए। 'हामीले ल्याएको लोकतन्त्र, गणतन्त्रमा अभिव्यक्ति स्वतन्त्रता छ। यसको जरो जबज नै हो। पार्टी, नेता नरहेपनि देश र लोकतन्त्र रहनुपर्छ।'- अधिकारीले भने । अभिव्यक्ति स्वतन्त्रताको दुरुपयोग गर्न नहुनेमा जोड दिँदै उनले सञ्चारजगत झनै सचेत हुनुपर्नेमा ध्यानाकर्षण गराए। उनले आफू पनि पीडित भएको स्मरण गर्दै भने- 'कुनैबेला मलाई रातो पासपोर्ट बेच्यो भनेर कूप्रचार गराइयो, चुनावमा हराइयो । तर, त्यसबेला पासपोर्ट फिर्ता गर्ने ३ जनामा नरहरि आचार्य, सुवास नेम्वाङ र म नै थिएँ। म हारेँ, तारानाथ रानाभाट जिते, प्रतिगमनको मतियार बने, म त बन्थिनँ नि। त्यसरी स्वतन्त्रताको दुरुपयोग हुँदा व्यक्ति मात्र होइन, सबैलाई असर पर्छ।'

अभिव्यक्ति स्वतन्त्रतामा केन्द्रित रहँदै अर्का वक्ता वरिष्ठ एवं स्वतन्त्र पत्रकार नारायण कार्कीले राजनीतिक दलीय प्रतिष्पर्धामा होमिने, जनताको अभिव्यक्ति कुण्ठित नहुने गरी सिद्धान्त नै आफै बनाएर अघि बढेको कम्युनिष्ट पार्टी नेकपा एमाले आज राष्ट्र हाँक्ने पार्टी बन्नुको श्रेय मदन


बाँकी अन्तिम पृष्ठमा ▶▶


## भट्टराईलाई 'लाईफ टाइम अचिभमेन्ट अवार्ड'

पोखरापत्र संवाददाता
पोखरा, १४ असार

नेपाल खेलकुद पत्रकार मञ्च, गण्डकीले अग्रज खेलाडी गणेशबहादुर भट्टराईलाई 'लाईफ टाईम अचिभमेन्ट अवार्ड'बाट सम्मान गर्ने भएको छ। यहीं असार १८ गते शनिबार दिउँसो ३ बजे पोखरा सभागृह हलमा मञ्चले आयोजना गर्ने छैटौं पोखरा स्पोटर्स अवार्ड २०७८ को अवसरमा भट्टराईलाई उक्त अवार्ड प्रदान गरिने भएको हो। भट्टराईलाई लाइफटाइम अचिभमेन्ट अवार्डका साथमा चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्लाले सम्मान गरिने मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए।

पूर्व अन्तर्राष्ट्रिय बक्सिङ खेलाडी भट्टराई सन् १९९० मा पाकिस्तानमा भएको चौथो दक्षिण एशियाली खेलकुदमा सिल्भर मेडलिस्ट हुन् । उनलाई पराजित गरेका पाकिस्तानी बक्सर पछिल्लो वर्ष एसियन गेम्सकै गोल्ड मेडलिस्ट हुन्। भट्टराई १९८९, १९९० र १९९१ मा लगातार बक्सिङमा राष्ट्रिय च्याम्पियन भए। सन् १९८७ मा पहिलो पटक जुनियर राष्ट्रिय प्रतियोगितामा सहभागी भएका भट्टराईले पहिलो सहभागितामै जुनियर च्याम्पियन बने। १९८८ मा पनि जुनियर राष्ट्रिय च्याम्पियनशीपमा गोल्ड मेडल जिते। सोहि वर्ष सिनियरतर्फ चौथो भए। त्यसको एक वर्षपछि राष्ट्रिय च्याम्पियन बने। १९९० मा बैंकक र १९९१ मा पाकिस्तानमा ६-६ महिना प्रशिक्षणका लागि भट्टराई पुगेका थिए। राष्ट्रिय अन्तराष्ट्रिय खेलहरुमा सहभागिता जनाउँदै गर्दा उनको दाहिने हात भाँच्चियो । त्यसपछि खेलाडीको रुपमा उनको करिअरले विश्राम लिएपनि व्यवस्थापकीय पक्ष सम्हाल्न थाले। १९९८ मा नेपालमै भएको सागमा २ स्वर्ण, ५ रजत र २ कास्य पदक देशले जित्दा उनी टीम मेनेजर थिए। फुटबल खेलसँग समेत संलग्न भट्टराई एन्फाको केन्द्रीय सदस्य हुँदै उपमहासचिव बने । भट्टराईले भूतपूर्व खेलाडी मञ्चका उपाध्यक्ष,



नेपाल बक्सिङ संघका उपाध्यक्ष, जोय फाउन्डेशनका संस्थापक सदस्य, रेबान पोखराको अध्यक्ष, पोखरा उपमहानगरपालिकाको ८ महिनासम्म उपमेयरको जिम्मेवार ीसमेत सम्हालिसकेका छन्। यसअघि, मञ्चले यहाँका अग्रज खेलाडीहरु प्रा.डा. वीरेन्द्रसिंह गुरुङ, कृष्णबहादुर थापा, खड्गबहादुर रानाभाट, चित्र बहादुर गुरुङ र आनन्द रञ्जितलाई लाईफ टाईम अचिभमेन्ट अवार्डबाट सम्मान गरिसकेको छ । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले छैटौं पोखरा स्पोटर्स अवार्ड २०७८ को तयारी अन्तिम चरणमा पुगिसकेको जनाएका छन्। पोखरा स्पोर्टस् अर्वाड अर्न्तगत वर्ष खेलाडी पुरुष र महिलाले इलेक्ट्रिक स्कुटर र ट्रफी पुरस्कार स्वरुप प्राप्त गर्नेछन् । वर्ष उत्कृष्ट उदियमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलकुद संघ, उत्कृष्ट खेल पत्रकारलाई नगद पैतिस हजार रुँपैयाको साथमा ट्रफी प्रदान गरिनेछ । पोखरा सभागृह हलमा आयोजना हुने अवार्ड कार्यक्रमलाई गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, एम ए कस्ट्रक्सन प्रालि, सहारा क्लब पोखरा, नेपाल भूतपुर्व खेलाडी मञ्च, तमु धिं युके, आव्या क्लब, होटल पौवा लेकसाइड, जु जु वेर्यस, सिटीवान टेलिभिजन, चिल्लिबार एण्ड रेष्टुरेन्ट, साइमन पार्टी प्यालेस, वल्डलिंक, फिस्टेल हस्पिटल, युनाइटेड क्लब, मनकामना पेट्रोलपम्प, सिटीजन फर्निचर लगायतले सहयोग गरेका छन् । अवार्ड कार्यक्रमलाई भव्य बनाउन विभिन्न समिति तथा उपसमिति मार्फत कामलाई तिव्रता दिएको छ। मञ्चले २०७२ सालदेखि पोखरामा निरन्तर स्पोर्ट्स अवार्ड कार्यक्रम गर्दै आएको छ।

## प्रदेश चलचित्र विकास बोर्डको गठनको तयारीमा छौं : मन्त्री थापा

पोखरापत्र संवाददाता
पोखरा, १४ असार

गण्डकी प्रदेश सरकारका कानून,संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापाले गण्डकी प्रदेश सरकार चलचित्र विकास बोर्डको गठनको तयारीमा रहेको बताउनुभएको छ।

चलचित्र पत्रकार संघ नेपाल कास्कीले आयोजना गरेको दुई दिवशीय सूचना, प्रविधि र चलचित्र पत्रकारिता सम्बन्धि कार्यशालाको उद्घाटन गर्दै मन्त्री थापाले यस्तो बताउनुभएको हो।

'प्रदेश सरकार चलचित्र विकास बोर्डको गठनको तयारीमा छ । आगामी आर्थिक वर्षका लागि बजेट समेत विनियोजन गरिएको छ । चलचित्र विकास बोर्डको गठनका लागि आवश्यक ऐन निर्माण गर्ने गरी अगाडि बढीनेछ ।', उहाँले भन्नुभयो । मन्त्री थापाले पोखरामा चलचित्र क्षेत्रको उन्नयनका लागि चलचित्र पत्रकार संघ कास्कीले उल्लेखनीय काम गरेको बताउनुभयो । पोखरा चलचित्र नगरी भएकाले यसको




संरक्षण र सम्बर्द्धनमा सबैले ध्यान पुर्याउनुपर्ने आवश्यकतालाई उहाँले औंल्याउनुभएको छ।

चलचित्र क्षेत्र समाजको ऐना भएको उल्लेख गर्दै उहाँले चलचित्रका माध्यम पोखरा सँगै गण्डकी प्रदेशकै पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण टेवा पुग्ने बताउनुभयो। मन्त्री थापाले सिक्ने क्रम कहिल्यै नसकिने भएकाले सिकाईले नै मान्छेलाई सबल र सक्षम बनाउँदै लैजाने बताउनुभयो । प्रशिक्षक एवम् चलचित्र निर्देशक तथा लेखक मनोज पण्डितले दुई दिने कार्याशालामा सहभागीले कथा लेख्न र प्रविधिको प्रयोगबाट प्रभावकारिता बढाउन सिक्ने अवसर प्राप्त गर्ने बताउनुभयो।

चलचित्र पत्रकार संघ नेपाल कास्कीका अध्यक्ष अरुण गिरीले पछिल्लो समय प्रविधिको बढ्दो प्रयोगले सहजता सँगै समस्या पनि सिर्जना गरेका कारण चलचित्र पत्रकारहरुले यस्ता कार्याशालाबाट प्रविधिको सही प्रयोग गर्न सिक्ने र चलचित्र पत्रकारिता क्षेत्र मर्यादित र व्यवसायिक बन्न टेवा पुग्ने विश्वास लिएको बताउनुभयो।

कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्रालय गण्डकी प्रदेशको सहयोगमा आयोजना गरिएको कार्यक्रममा चलचित्र पत्रकार संघ नेपाल कास्कीका संस्थापक अध्यक्ष श्रीराम सिग्देल समेत बोल्नुभएको थियो।

# पोखरा उवा संघका कर छुटबारे अन्तर्क्रिया

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ असार**



आन्तरिक राजश्व कार्याल पोखराका मुख्य कर अधिकृत रमेश शर्माले करको दायरामा नआएका व्यवसायीहरुलाई तत्काल दायरामा आउन आग्रह गरेका छन् । उनले आउँदो साउनदेखि अनुगमनलाई तीव्र बनाउने पनि घोषणा गरे ।

आन्तरिक राजश्व पोखराले पोखरा उद्योग वाणिज्य संघसँगको सहकार्यमा मंगलबार आयोजना गरेको आर्थिक अध्यादेश ऐन २०७९ले व्यवस्था गरेको कर छुटबारे जानकारी दिन आयोजित अन्तरक्रियामा उनले भने,'जसले आम्दानी गर्छ,उसले कर तिनैपर्छ।' कार्यक्रमका अध्यक्ष तथा पोखरा उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष पवनकुमार प्रजापतिले कर छुट र दण्ड-जरिवानाबारे व्यवसायीहरु सचेत बन्नुपर्नेमा जोड दिए। उनले व्यवसायीहरुलाई आफ्नो लेखा प्रणाली चुस्त-दुरुस्त राख्न आग्रह पनि गरे । आन्तरिक राजश्व कार्यालय पोखराका कर अधिकृत अर्जुन दाहालले आर्थिक अध्यादेशले ३० लाखभन्दा कमको कारोबार गर्नेहरुको करमा ७५ प्रतिशत,चलचित्र, होटल, रेस्टुरेन्ट, ट्राभल एजेन्सी, कृषि, ट्रेकिङ एजेन्सीलाई यो वर्ष ५० प्रतिशत कर छुट गरिएको जानकारी दिए । कर छुटबारे आन्तरिक राजश्व कार्यालयबाट जानकारी लिन पनि उनको आग्रह थियो ।

कार्यक्रममा बोल्दै संघका उद्योगतर्फका उपाध्यक्ष गोकर्ण कार्कीले कर छुटको प्रावधान स्वागतयोग्य रहेको बताए । उनले घरबहाल करको दायित्व घरधनीकै भएको र पोखरा महानगरले घरधनीसँगै कर लिने घोषणा गरिएको जानकारी दिए ।कार्यक्रमा दर्ताविनै संचालनमा आएका व्यवसायीहरुका कारण आफूहरु मर्कामा परेको, व्यवसाय बर्गीकरण वैज्ञानिक नभएको लगायतका गुनासा राखेका थिए ।

# जग्गा बाँझो राख्ने प्रबृत्तिप्रति मन्त्री बुढाद्वारा चिन्ता व्यक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ असार**



गण्डकी प्रदेशका भुमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्री चन्द्रबहादुर बुढाले प्रदेश सरकार कृषिमार्फत जनतालाई सम्बृद्ध बनाउन प्रतिबद्ध रहेको बताउनुभएको छ । कृषिको बिबिधिकरणमा गण्डकी प्रदेश एक नम्बर रहेको बताउँदै बुढाले मन्त्रालय कृषि उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाउन लागि परेको बताउनुभो ।

पोखराको हेम्जा स्थित मानव सेवा आश्रममा आयोजित कृषि सामग्री वितरण कार्यक्रममा उहाले सो बताउनुभएको हो। सो अवसरमा उहाँले सरकार कृषिमा आत्मनिर्भर बनाउन लागि परेको भएता पनि जग्गा बाँझो राख्ने प्रबृत्ति बढेकोमा चिन्ता व्यक्त गर्नुभयो । मानिसहरु सुखको खोजीमा लाग्ने प्रबृत्तिमा लागेको भन्दै उहाँले जग्गा बाँझो राखेर विदेशबाट आयात गरेर सम्बृद्धि नआउने तर्क गर्नुभयो ।

भूमी व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय गण्डकी प्रदेशको समन्वयमा कृषि ज्ञान केन्द्र, कास्कीबाट मानव सेवा आश्रमलाई कृषि सामग्री वितरण गरिएको हो । सो अवसरमा मन्त्री बुढाले ३ थान टनेल जाली, फलफूलका बिरूवा र तरकारीको बिउबिजन लगायतका सामाग्री आश्रमलाई हस्तान्तरण गर्नुभएको थियो ।

## उच्च...

शिक्षण अस्पतालका साथै केन्द्रीय कार्यालय प्रशानिक भवनमा दुई तला थप, परीक्षा नियन्त्रण कार्यालयको लागि थप भवन निर्माण, मुँसेटुडामा रहेको जग्गाको विस्तृत गुरूयोजनाअनुसार पाँच हजार विद्यार्थी पठनपाठन गर्ने क्षमताका प्राज्ञिक भवन तथा शैक्षिक भवन निर्माण र तिनलाई चाहिने आवश्यक पूर्वाधार निर्माणको गुरूयोजनाका लागि बजेट विनियोजन गरेको छ । सभाले विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ । विश्वविद्यालयले सरकारको नीतिअनुरूप मेडिकल कलेजको सञ्चालन प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ ।

विभिन्न सङ्कायमा सञ्चालित स्नातक र स्नातकोत्तर तहका आङ्गिक कार्यक्रमको सबलीकरण हेतु सरकार, सरोकारवाला एवं स्थानीय निकायको सहभागितामा भूगोलको विशेषता र सम्भाव्यताको अध्ययन गरेर सातवटै प्रदेशमा आवश्यकताअनुसार आङ्गिक महाविद्यालय विस्तार गर्ने भएको छ। सभाले पोखरा विश्वविद्यालयका सम्बन्धन प्राप्त महाविद्यालयलाई आवश्यकतानुसार सामुदायिक तथा निजी महाविद्यालयको रूपमा वर्गीकरण गर्ने र सामुदायिक महाविद्यालयको सञ्चालनलाई स्थानीय सरकार र सङ्घसंस्थाको सहयोगमा मुनाफारहित महाविद्यालयको रूपमा व्यवस्थित गर्ने नीति अवलम्बन गर्ने निर्णय गरेको छ ।

पोखरा विश्वविद्यालयले दिने छात्रवृत्तिलाई सरकारले अवलम्बन गरेको नीति अनुरूप योग्यता र समावेशीताका आधारमा वर्गीकरण गरी छात्रवृत्ति प्रदान गर्ने आधार निर्माण गरिने बताइएको छ ।

## अभिव्यक्ति...

भण्डारीलाई नै जाने बताए । उनले भण्डारीको अस्वभाविक मृत्यु प्रकरणबारे छानविनमा एमालेको उदासिनताका बारेमा पनि प्रश्न उठाए। उनले अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको सुन्दर पक्ष रहेको बताउँदै यसको पनि सीमारेखा हुने बताए ।

अहिले पत्रकारहरुले राजनीतिक पद प्राप्तिको माध्यम पत्रकारिता बनाउनु दुःखद विषय भन्दै पत्रकारिता राजनीतिक दल र नेताबाट प्रभावित बनेको गुनासो गरे । एमालेका केन्द्रीय सदस्य एवं कास्की ईञ्चार्ज भीम कार्कीले नेपाली बाम आन्दोलनलाई नयाँ शिराबाट अघि बढाउने दुरदर्शी राजनेता भण्डारी रहेको बताउँदै जसले सयौं वर्षका लागि विचार निर्माण गरी जबज प्रतिपादन गरेको बताए । '२०४७ सालको संविधान विश्वकै उत्कृष्ट भनियो । तर, नेता भण्डारीले २७ बुँदे असहमति उहीबेलै प्रकट गर्नुभयो । त्यसको १९ वर्षपछि जनआन्दोलनको बलमा लेखिएको अन्तरिम संविधानमा ती सबै बुँदा समेटिएको छ ।' - कार्कीले भने- ' नेता भण्डारीको दुरदर्शिताकै कारण मन्त्री, प्रधानमन्त्री, राष्ट्रपति नभएपनि आज सर्वोच्च नेताका रुपमा स्मरणमा रहनुभएको छ ।'

एमाले गण्डकी उपसचिव तथा प्रचार विभाग प्रमुख रश्मी आचार्यले नेपाली कम्युनिष्टको मूल विचारधारा नै जबज रहेको बताए । 'प्रचण्डहरु अन्ततः यही लाइनमा आउने चरणमा हुनुहुन्छ । पार्टी एकतासम्म गरेका हौं । उहाँहरु अझै सच्चिन जरुरी रहेको मलाई लाग्छ ।' - आचार्यले भने 'समाज र पार्टी लोकतान्त्रिकरणको एजेण्डा उठाउने मदन भण्डारी नै हो । एमाले गण्डकी सदस्य एवं प्रेस चौतारी फाँट ईञ्चार्ज रामकृष्ण ज्ञवालीले विश्वमा कम्युनिष्टहरू कमजोर भैरहेका बेला, पूँजीवादीहरुले कम्युनिष्टलाई निरंकुश र क्रुर भनेर चिनाइरहँदा नेपालबाट शान्तिपूर्ण कम्युनिष्ट आन्दोलनको उज्यालो छरेर विश्वसामु कम्युनिष्टको नयाँ सिद्धान्त जबज प्रतिपादन गर्ने नेता मदन भण्डारी भएको बताए । जबजबका १४ विशेषतामा दोस्रो बुँदा नै अभिव्यक्ति स्वतन्त्रता रहेको उनको भनाई छ ।

प्रेस चौतारी कास्कीका अध्यक्ष अर्जुन गिरीको अध्यक्षतामा भएको कार्यक्रममा प्रेस चौतारी गण्डकीका अध्यक्ष ईन्द्रप्रसाद पौडेलले कार्यक्रममाथि प्रकाश पार्दै स्वागत गरे भने सचिव रञ्जन अधिकारीले कार्यक्रमको सञ्चालन गरेका थिए । प्रेस चौतारी गण्डकीले प्रकाशन गरेको भित्तपात्रो समेत कार्यक्रमा अतिथिहरुबाट सार्वजनिक गरिएको थियो ।

# सहकारी मार्फत कृषकलाई कृषि औजार

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १४ असार**



स्याङ्जाको वालिङस्थित न्यू गाउँबेशी बहुउद्देश्यीय सहकारी संस्थाले ५० प्रतिशत अनुदानमा कृषि औजार वितरण गरेको छ । सहकारी रजिष्टार कार्यालय गण्डकी प्रदेश पोखराको ५० प्रतिशत अनुदान सहयोगमा सहकारीमार्फत कृषि औजारहरु वितरण गरिएको हो ।

कृषि उपजको उत्पादन बृद्धि र लागत घटाउने उद्देश्यले कृषकलाई अनुदानमा कृषि औजार वितरण गरेको सहकारीले जनाएको छ। कृषकलाई परम्परागतखेती प्रणालीको विकल्पमा यान्त्रिकीकरण र आधुनिकीकरणमा अग्रसर बनाउने उद्देश्यले ५० प्रतिशत अनुदानमा सहकारीले कृषि औजार वितरण गरेको छ । कृषकहरुको माग र आवश्यकताका आधारमा सहकारी मार्फत कृषकहरुलाई कृषि औजार उपलब्ध गराईएको संस्थाका अध्यक्ष अर्जुनप्रसाद खनालले बताए। मागका आधारमा सहकारी मार्फत ११ वटा कम्बाईण्ड मिल र सात वटा हाते ट्र्याक्टर वितरण गरिएको अध्यक्ष खनालले बताए। "गाउँघरमा काम गर्नसक्ने जनशक्ति विदेशिएर काम गर्ने मान्छे नभएपछि खेती गर्न सहज होस भनेर ५० प्रतिशन अनुदानमा मिनीटेलर वितरण गरेका छौं ।" खनालले भने, "गोरु पाल्न छाडेको र काम गर्न सक्ने युवा अहिले प्रायः गाउँमा नभएका कारण खेती गर्न नसकेर जमिन बाँझो राख्न नदिन औजार दिएका छौं ।" ५४ हजार मुल्यको औजारलाई २७ हजार रजिष्टार कार्यालय र २७ हजार कृषक समूहले ब्यहोर्नेगरी औजार दिईएको छ। कृषि औजार हस्तान्तरण गर्दै सहकारी रजिष्टार कार्यालय पोखराका रजिष्टार उदयबहादुर पराजुलीले कृषिमा आधुनिक यन्त्र उपकरणको प्रयोगमा जोड दिँदै लागत घटाउन र उत्पादनमा बृद्धि गर्नका लागि कृषि औजारहरुको महत्वपूर्ण भूमिका हुने विश्वास जनाए ।

औजार वितरण गरेपछि काममा सहजता हुने र काम गर्नेले आलोपालोसँग खनजोत गर्दा रोजगारी पाउने भएकाले यान्त्रिकीकरणलाई जोड दिएको अध्यक्ष खनालले बताए । रजिष्टार कार्यालयको अनुदानमा स्थानीय कृषकलाई ११ वटा कुटानी-पिसानी मिल समेत वितरण गरिएको छ ।

कृषकलाई कृषि कार्यमा उत्साह र उत्प्रेरणा प्रदान गर्न कृषिजन्य बस्तुको उत्पादन बढाउन औजार सहयोग गरिएको रजिष्टार कार्यालयले पोखराले जनाएको छ । औजार सहयोग कार्यलाई प्रदेशभर संचालन गरिने कार्यालयले जनाएको छ ।

# गौतमद्वारा नयाँ पार्टीको घोषणा

**रासस**
**काठमाडौं, १४ असार**




नेकपा (एमाले)का पूर्व नेता वामदेव गौतमले 'नेपाल कम्युनिष्ट पार्टी एकता राष्ट्रिय अभियान' नामक नयाँ पार्टीको घोषणा गर्नुभएको छ ।

यहाँ मंगलबार आयोजित कार्यक्रममा उहाँले नेपालका कम्युनिष्ट पार्टीलाई एकताबद्धरुपमा लैजानका लागि नयाँ पार्टीको घोषणा गरेको बताउनुभयो । नेता गौतमले आगामी निर्वाचनसम्म ठूला कम्युनिष्ट पार्टीलाई एकीकृत गर्नका लागि आफूले नयाँ पार्टी गठन गरेको उल्लेख गर्नुभयो ।

"नेपालका कम्युनिष्ट फुट्दा अरुले नै फाइदा लिए" उहाँले भन्नुभयो, "अब मेरो नेतृत्वमा नेपालका कम्युनिष्टलाई एकताबद्ध बनाउँछु ।" आफ्नो पार्टीले कम्युनिष्टलाई एकताबद्ध बनाएर पार्टी सञ्चालन गर्ने नेता गौतमको भनाइ थियो । पार्टी एकीकरण गर्ने विषयलाई जुन कम्युनिष्ट पार्टीले सम्मान गर्छ त्यहीसँग एकता गर्ने उहाँले बताउनुभयो । कम्युनिष्ट पार्टी एकताका लागि तीन महिने अभियान सञ्चालन गर्ने गौतमले जानकारी दिनुभयो । "हाम्रो पार्टीको मुख्य कार्यभार विघटन भएको नेकपालाई फेरि पुनर्गठन गर्नु हो। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन पूर्व नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) लाई कार्यगत एकतामा ल्याउन वातावरण निर्माण गर्नु अर्को उद्देश्य हो", उहाँले भन्नुभयो ।

नेपालका कम्युनिष्ट पार्टी ४६ पटक पुनर्गठन भएका र त्यसमा आफू नै संलग्न भएको नेता गौतम भनाइ थियो । नयाँ पठन भएको सो पार्टीको अध्यक्षमा गौतम रहनुभएको छ । पार्टी बहुपदीय प्रणालीमा हुने छ । एक अध्यक्ष, प्रत्येक प्रदेशमा इञ्चार्जको जिम्मेवारी बहन गर्ने गरी सात उपाध्यक्ष, एक महासचिव, एक उपमहासचिव, एक कोषाध्यक्ष र एक सचिव रहने व्यवस्था गरिएको छ । पार्टीको ७५ सदस्यीय कमिटी, १५ जना नबढ्ने गरी स्थायी कमिटीको व्यवस्था गरिएको केन्द्रीय सचिवालयका सचिव डिवी कार्कीले जानकारी दिनुभयो । गौतमको संयोजत्वमा आठ सदस्यीय केन्द्रीय सचिवालय गठन गरिएको छ । उक्त सचिवालयमा सचिव कार्की तथा सदस्यमा ओम शर्मा चालिसे, डिल्लीराज भट्टराई, दुर्गा भण्डारी, निमकान्त पाण्डे, भगवती विष्ट र युवराज सफल रहनुभएको छ ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# प्राध्यापकलाई अनुसन्धानलेखन तालिम

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १४ असार**

म्याग्दीको सदरमुकाम बेनीमा रहेको म्याग्दी बहुमुखी क्याम्पसमा अनुसन्धानलेखन तालिम सम्पन्न भएको छ । विश्वविद्यालय अनुदान आयोगको आर्थिक सहयोग र क्याम्पसको व्यवस्थापनमा अनुसन्धान लेखनसम्बन्धी तालिम सञ्चालन गरिएको हो ।

साताव्यापी रूपमा सञ्चालित तालिमको समापन कार्यक्रममा प्रशिक्षक कमलराज देवकोटाले नयाँ परिस्थितिमा म्याग्दी जिल्लाले आफैँ ज्ञान उत्पादन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । "ज्ञान काठमाडौँबाट जहाज चढेर आउँदैन", डा देवकोटाले भन्नुभयो, "प्रशिक्षकले सबै कुरा सिकाउँछ भन्ने भ्रममा कोही पनि पर्न भएन । मुख्य कुरा ज्ञान उत्पादन गर्ने म्याग्दी आफैँले हो ।" तालिमका क्रममा सहभागीहरूले सिकाइमा निकै चाख दिएको बताउँदै देवकोटाले भन्नुभयो, "काठमाडौँबाट हेर्दा म्याग्दी जिल्ला दुर्गम देखिन सक्छ । तर त्यसो होइन । विज्ञान प्रविधिको विकासले इच्छाशक्ति हुनेलाई ज्ञान उत्पादनमा निकै सहयोग गरेको छ । म्याग्दी क्याम्पसले पनि यसको उपयोग गर्नुपर्छ ।" म्याग्दी बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष सोमनाथ ढुङ्गानाले म्याग्दी बहुमुखी क्याम्पसमा अनुसन्धानको वातावरण तयार भएको बताउनुभयो ।

म्याग्दीमा अनुसन्धानको संस्कृति सुरु गर्ने जिम्मेवारी पनि म्याग्दी क्याम्पसको काँधमा आएको उहाँले बताउनुभयो । प्रशिक्षणका लागि बेनी आउनुभएका त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डाक्टर वासुदेव काफ्लेले 'क्युएए' मूल्याङ्कनका लागि अबका सूचकहरू पहिलेभन्दा फरक र कठोर हुन सक्ने सङ्केत गर्दै त्यसतर्फ सचेत हुन सरोकारवालालाई सुझाव दिनुभएको छ । तालिम समापनका अवसरमा बोल्दै क्याम्पस प्रमुख गोरखबहादुर जिसीले पनि म्याग्दी बहुमुखी क्याम्पसले क्युएए पुनः मूल्याङ्कनमा पर्नका लागि अनुसन्धान लेख प्रकाशनलाई जोड दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

तालिमका विषयवस्तुमाथि त्रिभुवन विश्वविद्यालयका प्रा डा वासुदेव काफ्ले, अनुसन्धान संस्था सेरिडका प्रमुख डा कमलराज देवकोटा, पृथ्वीनारायण क्याम्पसका उपप्राध्यापकहरू खिमराज सुवेदी र पिताम्बर पौडेलले सहजीकरण गर्नुभएको थियो ।

# होटलमा सालको पातको टपरी प्रयोग गरिने

**पोखरापत्र संवाददाता**
**तनहुँ, १४ असार**

बन्दिपुरका होटल, रेष्टुरेन्ट र होमस्टेमा सालको पातबाट निर्मित टपरीको प्रयोग गरिने भएको छ ।

उ त्पा दि त टपरीको बजारीकरणको लागि गाउँपालिकाले सहयोग गर्ने बन्दिपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिनुभयो ।

प्रयोग पश्चात टपरीलाई कम्पोष्ट मल बनाउन प्रयोग गरिने हुँदा वातावरण सफा र स्वच्छ हुने विश्वास गरिएको उहाँले बताउनुभयो । गण्डकी प्रदेश सरकारको गरिबी निवारण उद्यमी विकास कार्यक्रममार्फत बन्दिपुर गाउँपालिका-६ को कमलबारी डाँडाछाप उद्यमी महिला विकास संस्थालाई टपरी बनाउने मेसिन हस्तान्तरण गरी तालिम प्रदान गरिएको छ ।

उक्त मेसिन रु दुई लाख १३ हजार ५०० को लागतमा खरिद गरिएको गाउँपालिका अध्यक्ष थापाले बताउनुभयो । मेशिनबाट टपरी बनाउने तालिमको गाउँपालिकाका अध्यक्ष थापाले शुभारम्भ गर्नुभयो । सुकाएको सालको पातलाई मेसिनमा राखेपछि टपरी तयार गर्न सकिन्छ । उहाँले भन्नुभयो "सुरुमा मानिसले चार वटा पातलाई सिन्काले सिलाएर मेसिनमा राख्नुपर्छ ।" तालिममा १२ जना सहभागी छन् । उत्पादन गरिएका टपरी बन्दिपुर कोसेली घरमा राखेर पनि बिक्री वितरणको व्यवस्था मिलाइने गाउँपालिका कार्यालयले जनाएको छ ।

बन्दिपुर- २ बसपार्कस्थित टुँडिखेल चोकमा बन्दिपुर कोसेली घर निर्माण गरिएको छ । गाउँपालिकाले महिलाहरूलाई आयआर्जनतर्फ उन्मुख गराउन थालेको गाउँपालिकाका उपाध्यक्ष पञ्चमाया गुरुङले जानकारी दिनुभयो ।

## नेपाल सरकार
## गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय, कास्की

## मुआब्जा रकम बुझ्न आउने बारेको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०३/१५**

सडक डिभिजन पोखरा अन्तर्गत पोखरा बाग्लुङ सडक खण्डको पोखरा महानगरपालिका बडा नं. ४ र ५ को सिमानामा पर्ने फिर्केखोलामा नेपाल सरकारको लागानीमा पुल निर्माण गर्नको लागि कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ४ र ५ अन्तर्गका जग्गाहरु अधिग्रहण गरी जग्गा प्राप्ति ऐन २०३४ बमोजिम प्राप्त गर्नु पर्ने भएकोले जग्गा प्राप्ती ऐन २०३४ को दफा १३ को उपदफा (२) बमोजिम गठित मुआब्जा निर्धारण समितिको मिति २०७९/०३/१२ गते बसेको बैठकको निर्णय अनुसार मुआब्जा निर्धारण भई मुआव्जा पाउन ठहरिएका देहायका व्यक्तिहरुको नामावली जग्गा प्राप्ति ऐन २०३४ को दफा १८ को उपदफा १ बमोजिम सरोकारवाला व्यक्तिहरुको लागि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले जग्गा प्राप्ति ऐन, २०३४ को दफा १०(१)क अनुसार ७ दिनभित्र सरोकारवाला व्यक्तिहरुले मुआब्जा बुझ्न आ-आफ्नो जग्गाको हकदैया वा भोगचलन सम्वन्धी सक्कलै निस्सा प्रमाण सहित जिल्ला प्रशासन कार्यालय, कास्कीमा सम्पर्क राख्नुहोला । तोकिएको म्याद भित्र मुआब्जा बुझ्न नआई म्याद गुजारेमा कानून बमोजिम हुने छ पछि कुनै उजुर बाजुर लाग्ने छैन । साथै तपशिलमा उल्लेखित जग्गाहरु कुनै वित्तीय संघ/संस्थाबाट रोक्का रहेको भए फुकुवा गरी मुआब्जा लिन आउनुहोला ।

| सि. न. | पोखरा म.न.पा. वडा न. | सिटः नं. | कि. न. | जम्मा क्षे.फ. (वर्ग मी.मा) | अधिग्रहण गर्नपर्ने क्षे.फ (वर्ग. मी मा) | जग्गाधनी |
|---|---|---|---|---|---|---|
| १ | ४ | ०९३-०८७९-१४ | ४ | १३९.५ | २२ | दिलमाया विश्वकर्मा |
| २ | ४ | ०९३-०८७९-१४ | ५ | १९२.६ | ४०.४ | नेपाल सरकार |
| ३ | ४ | ०९३-०८७९-१४ | ६ | ७०.४ | ५.२७ | नेपाल सरकार |
| ४ | ४ | ०९३-०८७९-१४ | ७ | १०२०.४ | ९.१५ | नेपाल सरकार |
| ५ | ४ | ०९३-०८७९-१४ | ८ | १५५.६ | २८ | रुकमणी बझा श्रेष्ठ |
| ६ | ४ | ०९३-०८७९-१४ | ९ | १७२ | १७.४२ | तम बहादुर थापा |
| ७ | ४ | ०९३-०८७९-१४ | १० | २०८ | १५.१३ | मिरा कुमरी श्रेष्ठ (तुलाचन) |
| ८ | ४ | ०९३-०८७९-१४ | ११ | ३३३.२ | १५.७५ | महत्तम श्रेष्ठ |
| ९ | ४ | ०९३-०८७९-१४ | १२ | १७९ | ९.३ | निर्मल खड्गी |
| १० | ४ | ०९३-०८७९-१४ | १४ | ६०.४ | १.२२ | नेपाल सरकार |
| ११ | ४ | ०९३-०८७९-१४ | १२७ | २४६.२ | ५.७५ | कृष्ण बहादुर कोईराला समेत ६ जना |
| १२ | ४ | ०९३-०८७९-१४ | १३३ | १८१ | १.०२ | उत्तम श्रेष्ठ |
| १३ | ५ | ०९३-०८७९-१४ | ६ | ४९६.४ | ९४.१८ | देवी बहादुर कोइराला |
| १४ | ५ | ०९३-०८७९-१४ | ७ | २५५.८ | १३ | मोहन बहादुर कोईराला |
| १५ | ५ | ०९३-०८७९-१४ | ८ | ७२.४ | ३.५४ | नेपाल सरकार |
| १६ | ५ | ०९३-०८७९-१४ | ९ | ५६.८ | १.१९ | नेपाल सरकार |
| १७ | ५ | ०९३-०८७९-१४ | १४ | २३७ | २१.६७ | ज्ञान बहादुर कोइराला |
| १८ | ५ | ०९३-०८७९-१४ | १६ | १७५ | ५.८९ | कृष्ण बहादुर कोइराला |
| १९ | ५ | ०९३-०८७९-१४ | १७ | २२२ | ४.३३ | पुष्पेन्द्र बहादुर कोइराला |
| २० | ५ | ०९३-०८७९-१४ | १८ | २३० | २.३ | भोज कुमारी कोइराला |
| २१ | ५ | ०९३-०८७९-१४ | १९ | २३५ | ०.५ | राधा देवी बराल पराजुली |
| २२ | ५ | ०९३-०८७९-१४ | ३१ | ४३२ | ७१.२ | बेनु कोइराला |
| २३ | ५ | ०९३-०८७९-१४ | ३२ | ३९ | ७.६९ | सोम बहादुर कोइराला |
| २४ | ५ | ०९३-०८७९-१४ | ३३ | २५५.२ | ३५.५९ | तोरण बहादुर कोइराला |
| २५ | ५ | ०९३-०८७९-१४ | ३६ | ३३ | ४.९३ | जनक कोइराला |
| २६ | ५ | ०९३-०८७९-१४ | ३७ | ५८०.७ | २४.२४ | सोम बहादुर कोइराला |
| २७ | ५ | ०९३-०८७९-१४ | ४२ | ४८ | ४.९८ | ज्ञान बहादुर कोइराला |
| २८ | ५ | ०९३-०८७९-१४ | ४८ | २७६.८ | २३.०२ | जनक कोइराला |
| २९ | ५ | ०९३-०८७९-१४ | ४९ | ३१ | ३.१३ | ज्ञान बहादुर कोइराला |
| ३० | ५ | ०९३-०८७९-१४ | ५८ | ४३६ | ४.६९ | नगेन्द्र कोइराल |
| ३१ | ५ | ०९३-०८७९-१४ | २०९ | ३०४.५ | ५.९५ | |

# हिलाम्मे सडकमा धान रोपाइँ

**रासस**
**म्याग्दी, १४ असार**

म्याग्दीको मङ्गला गाउँपालिका-२ नयाँबजारका बासिन्दाले निर्माण अलपत्र हुँदा हिलाम्मे भएको सडकमा धान रोपाइँ गरेका छन् ।

म्याग्दीको रणनीतिक महत्वको बेनी-दरबाङ सडक आयोजनाको तेस्रो खण्डमा पर्ने रणवाङदेखि दुखुखोलासम्मको सडक हिलाम्मे छ । नयाँबजारका बासिन्दा श्रीराम पौडेलले सडक अलपत्र बनाउने निर्माण व्यवसायीलाई दबाब र सरोकारवालाहरूको ध्यानाकर्षण गराउन सडकमा रोपाइँ गरिएको बताउनुभयो । "अधुरो र अधकल्चो सडकमा हिलाम्मे, पानीका पोखरी जमेर आवतजावतमा सास्तीका साथै दुर्घटनाको जोखिम बढेको छ," उहाँले भन्नुभयो, "निर्माण र मर्मतका लागि कसैले वास्ता नगरेपछि बाध्य भएर सडकमै रोपाइँ गरिएको हो ।" रणवाङ, नयाँबजार र सहश्रधाराका २० जनाभन्दा बढीले सडकमा सामूहिक धान रोपेर विरोध जनाएका हुन् । पूर्वाधार विकास कार्यालय म्याग्दीसँग मङ्गला गाउँपालिकाको लाम्पाटादेखि मालिकाको केन्द्र दरबाङसम्मको आठ किलोमिटर सडक कालोपत्र गर्न ठेक्का सम्झौता गरेको बिरुवा-क्याराभान जेभी तीन महिनादेखि सम्पर्कविहीन बनेका छन् । विसं २०७८ वैशाखदेखि मङ्सिरसम्म रोकिएको सडक निर्माणका लागि मुख्य ठेकेदारले हिमालयन बिल्डर्सलाई सहायक ठेकेदारका रूपमा गत पुसमा कार्यक्षेत्रमा परिचालन गरेका थिए । मूल ठेकेदारबाट भुक्तानी नपाउँदा सहायक ठेकेदार हिमालयनले गत वैशाखदेखि काम छाडेपछि सडक निर्माण अलपत्र बनेको हो । पूर्वाधार विकास कार्यालय म्याग्दीका निमित्त प्रमुख गुरुदत्त अधिकारीले फोन र पत्रमार्फत ताकेता गरिए पनि बिरुवा-क्याराभानका प्रतिनिधिले काम सञ्चालन नगरेको बताउनुभयो । "निर्माण व्यवसायीलाई फोन र पत्रमार्फत ताकेता गरेका छौँ," उहाँले भन्नुभयो, "मन्त्रालयमा जानकारी गराएर बिरुवा-काराभानको जमानत जफतका लागि बैंकमा पत्राचार गरिएको छ ।" विसं २०७६ जेठ ३१ गते रु २२ करोड ५७ लाख ९३२ मा ठेक्का सम्झौता भएको आयोजना २०७८ जेठमा सकिनुपर्ने थियो । विसं २०७८ चैतसम्म थपिएको सम्झौताको म्याद सकिए पनि समय थपका लागिसमेत ठेकेदारले प्रक्रिया अघि बढाएका छैनन् । हालसम्म करिब ५५ प्रतिशत भौतिक प्रगति भएको छ । सहायक ठेकेदारले रणवाङ र रातोढुङ्गा क्षेत्रमा पर्खाल निर्माण तथा बलौटेमा म्याग्दी नदी नियन्त्रणका लागि किनारमा पर्खाल बनाएका थिए । सो खण्डमा पर्ने बाङ्गेपहिरो क्षेत्र पहिरोग्रस्त र जोखियुक्त छ । अधुरो, अधकल्चो, हिलाम्मे र धुलाम्मे सडकमा जोखिमपूर्ण यात्रा गर्नु परेको मङ्गला गाउँपालिका-२ का जीवन कार्कीले बताउनुभयो ।

सडकमा थुपारिएको माटो, ढुङ्गा र खाल्डाखुल्डीले दुर्घटनाको जोखिम बढाएको छ । लथालिङ्ग अवस्थामा रहेको सडकमा सवारी साधन सञ्चालन गर्न गाह्रो भएको यातायात व्यवसायी शक्ति छिनालले बताउनुभयो । बिरुवा-क्याराभानका प्रतिनिधि सोमनाथ गौचनले बर्खापछि सडक निर्माणलाई तीव्र गति दिने बताउनुभयो ।

बेनी-दरवाङ सडक पूर्वाधार विकास कार्यालयले तीनवटा प्याकेजमा स्तरोन्नति गरिरहेको छ । लामा-समानान्तर जेभीले ठेक्का लिएको बेनी-सिम खण्डको १२ किलोमिटर ५०० मिटर दूरीको बेनीदेखि सिम खण्ड कालोपत्रको अन्तिम चरणमा पुगेको छ । सिमदेखि लाम्पाटा खण्डको चार किलोमिटर सडक कालोपत्र गर्न पुस १८ गते ओमबुद्ध निर्माण सेवा वसुन्धराले रु १० करोड ७० लाख २१ हजारमा ठेक्का सम्झौता गरेको थियो । अठार महिनाको ठेक्का अवधि भएको ओमबुद्धले पहिलो चरणमा सडक विस्तारको काम थालेको छ । सडकलाई आठ मिटर फराकिलो बनाएर, सात मिटर चौडाइमा डिबिएसडी कालोपत्र, नाली र पर्खाल निर्माण गर्न लागिएको हो । विसं २०६३ मार्ग खुलेको २४ किलोमिटर दूरीको बेनी-दरवाङ म्याग्दीको मङ्गला, मालिका र धवलागिरि गाउँपालिकालाई सदरमुकाम बेनीसँग जोड्ने एकमात्र मार्ग हो । यो सडक बाग्लुङको तमानखोला गाउँपालिकाका बासिन्दाले पनि प्रयोग गर्छन् ।

# धान दिवस

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ असार**

विसं २०६१ मङ्सिर २९ गते मन्त्रिस्तरीय निर्णय गरी २०६२ साल असार १५ गतेदेखि राष्ट्रिय धान दिवस मनाउन थालिएको हो ।

कृषि प्रधान देश भएकाले नेपालका अधिकांश मानिसको पेसा खेतीपाती हो । किसान वर्षभरका लागि छाक जुटाउन यो महिना खेतीमा व्यस्त हुन्छन् । आजका दिन असारे भाकामा लोकदोहोरी गाउँदै छुपु छुपु हिलोमा धान रोपिन्छ । 'छुपु र छुपु हिलोमा धान रोपेर छोडौँला, बनाई कुलो लगाई पानी आएर गोडौँला' जस्ता लोक लयका गीत गाएर खेतमै रमाइलो पनि गरिन्छ ।

मध्य गर्मीको यो समयमा युवा लाठे र युवती रोपाहारले खेतका गराको हिलो छ्यापाछ्याप गरेर मनोरञ्जन गर्छन् । असारमा एकपटक हिलोमा पस्नै पर्ने मान्यता पनि नेपाली समाजमा रहेको छ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २८ मा गौतमटारी खानेपानी निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः गौतमटारी खानेपानी निर्माण**
**स्थानः पोखरा-२८ कास्की**
**योजना सम्झौता मिति : २०७९/०१/०७ गते**
**योजना शुरु मितिः २०७९/०१/०८ गते**
**योजना सम्पन्न मितिः २०७९/०३/१५ गते**
**योजनाको कुल लागत : रु. १२,६९,४०६।-**
**पोखरा महानगरपालिकाबाट : रु.३,३०,०००।-**
**जिल्ला समन्वय समितिबाटः ७,७०,०००।-**
**उपभोक्ता समितिबाट : १,६९,४०६।-**
**उपभोक्ता समिति अध्यक्षः पुकार गौतम**
**सचिवः सन्तोष गौतम**
**सदस्य संख्याः ७ जना महिलाः २ पुरषः ५ जना**

**गौतमटारी खानेपानी उपभोक्ता समिति पोखरा-२८**